राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ३५ २०८३ भदौ ७ गते आईतवार (23 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

# जनकपुरधाममा गुठी जग्गा जोगाउन डोजर अभियान शुरु

## ४९ पोखरी अतिक्रमणमुक्त गर्ने लक्ष्य, पहिलो चरणमा ७ पोखरीका डिल खाली गराइँदै

दैनिक समाचारदाता

जनकपुरधाम, ६ भदौ । जनकपुरधामका ऐतिहासिक पोखरी तथा गुठी संस्थानको स्वामित्वमा रहेका अतिक्रमित जग्गा खाली गराउने अभियान सुरु भएको छ । लामो समयदेखि अतिक्रमणको चपेटामा परेका पोखरीका डिल तथा गुठीका जग्गा संरक्षण गर्ने उद्देश्यसहित गुठी संस्थानले पहिलो चरणमा डोजर परिचालन गरेको हो ।



अभियानअन्तर्गत शनिबार जनकपुरधाम उपमहानगरपालिका क्षेत्रमा रहेको गिरनारी कुट्टी नजिकको गोरधोइ पोखरीको डिल अतिक्रमण गरी निर्माण गरिएका घर तथा टहरामा डोजर चलाइएको छ । गुठी संस्थानले यसअघि नै अतिक्रमित जग्गा तथा संरचना खाली गर्न सार्वजनिक सूचना जारी गरेको थियो। साउन १ गते सूचना प्रकाशित गरेपछि शुक्रबार जनकपुरधाम नगर क्षेत्रमा माइकिङमार्फत अतिक्रमित जग्गा र संरचना खाली गर्न अन्तिम जानकारीसमेत गराइएको थियो ।

सूचना तथा पटक(पटकको आग्रहका बाबजुद अतिक्रमित संरचना नहटाइएपछि शनिबारदेखि डोजर प्रयोग गरी अतिक्रमण हटाउने कार्य सुरु गरिएको गुठी संस्थानले जनाएको छ।

गुठी संस्थानका प्रवक्ता जनक पोखरेलका अनुसार पहिलो चरणमा जनकपुरधाम क्षेत्रमा अतिक्रमणमा परेका पोखरीका डिल खाली गराउने योजना बनाइएको छ। संस्थानले जनकपुरधाम क्षेत्रका ४९ वटा पोखरीलाई अतिक्रमणमुक्त बनाउने लक्ष्य लिएको छ। तीमध्ये पहिलो चरणमा ७ वटा पोखरीका डिल खाली गराउने तयारी गरिएको उनले जानकारी दिए।

बाँकी पृष्ठ ३ मा

# आयोगको दरबन्दी कटौती




जनकपुरधाम, ६ भदौ । मधेस प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएण्डएम सर्वे) स्वीकृत गरेको छ। शुक्रबार साँझ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाममा बसेको मन्त्रिपरिषद् बैठकले आयोगको कार्यक्षेत्र, कार्यबोझ तथा संस्थागत आवश्यकताका आधारमा सङ्गठन संरचना र दरबन्दी पुनरवलोकन गर्ने निर्णय गरेको हो।

बैठकले आयोगको करिब ५५ प्रतिशत दरबन्दी कटौती गर्ने निर्णयसमेत गरेको प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए। दरबन्दी कटौतीबाट प्रशासनिक खर्चमा मितव्ययिता कायम हुनुका साथै उपलब्ध जनशक्तिको अधिकतम उपयोग हुने अपेक्षा गरिएको उनले बताए।

त्यसैगरी, मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायमा कार्यरत सचिवहरूको खटनपटन तथा पदस्थापन गर्ने निर्णय पनि गरेको छ। सम्बन्धित मन्त्रालयको कार्यबोझ, विषयगत अनुभव, कार्यक्षमता, संस्थागत आवश्यकता तथा प्रशासनिक

बाँकी पृष्ठ ३ मा

# समिरलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी

दैनिक समाचारदाता

जनकपुरधाम, ६ भदौ । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव धार्मिक प्रयोजनका लागि नेपालबाहिर जाने भएपछि भौतिक पूर्वाधार विकासमन्त्री मो. समिरलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी तोकिएको छ ।



मुख्यमन्त्री यादवले मन्त्री समिरलाई पत्र पठाउँदै आफू धार्मिक प्रयोजनका लागि विदेश जान लागेकाले स्वदेश फर्किएर नआउन्जेलसम्म प्रदेश सरकारको कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्न तोकेको जानकारी गराएका हुन् । पत्रमा मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० को नियम १४ को उपनियम (३) बमोजिम मन्त्री समिरलाई कार्यवाहक मुख्यमन्त्री तोकिएको उल्लेख छ ।

मुख्यमन्त्री यादवले २०८३ साल भदौ ६ गतेदेखि आफू स्वदेश नफर्किएसम्म मन्त्री समिरले कार्यवाहक मुख्यमन्त्रीका रूपमा प्रदेश सरकारको नेतृत्व गर्ने जनाइएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यवाहक मुख्यमन्त्री तोकिएको जानकारी प्रदेश प्रमुखको कार्यालयलाई समेत गराइसकेको छ ।

मन्त्री समिरलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिइएसँगै मुख्यमन्त्री यादवको अनुपस्थितिमा प्रदेश सरकारका नियमित प्रशासनिक तथा कार्यकारी कामकारबाही अघि बढाउने जिम्मेवारी उनको काँधमा आएको छ ।


## बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाका अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,
- समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं ।


नेपाल सरकार
विज्ञापन बोर्ड

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाइ बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# सीमा खुला, सुरक्षा कमजोर

नेपाल-भारत खुला सीमा, कमजोर निगरानी र तीन तहका सरकारबीच पर्याप्त समन्वय नहुँदा मधेश प्रदेशमा मानव बेचबिखनको जोखिम गम्भीर बन्दै गएको छ। खुला सीमा आफैंमा समस्या होइन, तर यसको संवेदनशीलतालाई ध्यानमा राखेर प्रभावकारी निगरानी र सुरक्षा संयन्त्र विकास गर्न नसक्दा अपराधीले फाइदा उठाउने सम्भावना बढ्छ।

जनकपुरधाममा आयोजित सरोकारवालाको बैठकले मानव बेचबिखन नियन्त्रणका लागि सरकारी तथा गैरसरकारी निकायबीच अझ प्रभावकारी समन्वय आवश्यक रहेको देखाएको छ। संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो जिम्मेवारी स्पष्ट रूपमा निर्वाह नगर्दा रोकथाम, उद्धार, संरक्षण र पुनःस्थापनाका काम अपेक्षाकृत प्रभावकारी हुन सकेका छैनन्।

मानव बेचबिखनको जोखिमसँग गरिबी, बेरोजगारी, अशिक्षा, बालविवाह, पारिवारिक हिंसा, लैङ्गिक विभेद र सामाजिक असुरक्षा पनि जोडिएका छन्। यी समस्याले विशेष गरी महिला, किशोरी र बालबालिकालाई जोखिममा पार्छन्। त्यसैले घटना भएपछि उद्धार गर्ने मात्र होइन, जोखिममा रहेका व्यक्तिको समयमै पहिचान गरी संरक्षण गर्नु आवश्यक छ।

उद्धारपछिको अवस्था पनि उत्तिकै चुनौतीपूर्ण छ। पीडितलाई सुरक्षित आवास, स्वास्थ्य तथा मनोसामाजिक सहयोग, कानुनी सहायता, शिक्षा, सीप विकास र रोजगारीको अवसर उपलब्ध नगराए पुनः जोखिममा पर्न सक्छन्। मधेशमा दीर्घकालीन पुनःस्थापना केन्द्रको अभाव गम्भीर समस्या हो। उद्धारपछि केही समय संरक्षण दिएर मात्र राज्यको दायित्व पूरा हुँदैन; पीडितलाई आत्मनिर्भर र सम्मानजनक जीवनतर्फ लैजानुपर्छ।

पीडितको सुरक्षा र गोपनीयतामा पनि विशेष ध्यान आवश्यक छ। संरक्षण केन्द्रसम्म पुगेर पीडक वा सम्बन्धित व्यक्तिले धम्की र दबाब दिने अवस्था देखिनु चिन्ताजनक हो। यसले पीडित संरक्षण प्रणालीलाई अझ सुरक्षित र व्यवस्थित बनाउनुपर्ने आवश्यकता औंल्याउँछ।

मानव बेचबिखनसम्बन्धी मुद्दाको अनुसन्धान र न्यायिक प्रक्रिया लामो हुनु पनि अर्को समस्या हो। ढिलो न्यायले पीडित र परिवारमा निराशा बढाउनुका साथै पुनःस्थापनाको प्रक्रियालाई समेत प्रभावित गर्न सक्छ। त्यसैले अनुसन्धानदेखि न्याय निरूपणसम्मको प्रक्रियालाई छिटो, प्रभावकारी र पीडितमैत्री बनाउनुपर्छ।

अब मानव बेचबिखनविरुद्धको अभियानलाई गैरसरकारी संस्थाको परियोजना वा औपचारिक कार्यक्रममै सीमित राख्न मिल्दैन। स्थानीय तहले जोखिममा रहेका नागरिकको तथ्यांक व्यवस्थित गर्नुपर्छ भने प्रदेश र संघीय सरकारले आवश्यक नीति, स्रोत, सुरक्षा र पुनःस्थापनाको संरचना सुनिश्चित गर्नुपर्छ।

खुला सीमा बन्द गरेर समस्या समाधान हुँदैन। आवश्यक कुरा सीमा क्षेत्रमा प्रभावकारी निगरानी, सूचना प्रणाली र अन्तरनिकाय समन्वय हो। तीन तहका सरकार, सुरक्षा निकाय, नागरिक समाज र समुदायले साझा जिम्मेवारीका साथ काम गरे मात्र मानव बेचबिखनको जोखिम न्यूनीकरण गर्न सकिन्छ। अब भाषण होइन, परिणाम देखिने सक्रियता आवश्यक छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# धार्मिक राज्य लोकतान्त्रिक बन्न सक्दैन



चैतन्य मिश्र

मैले यहाँ स्मरण गराउनुपर्छ कि जात व्यवस्था र हिन्दु धर्म 'शास्त्रीय', राजनीतिक र सांस्कृतिक रूपमा जोडिएका हुनाले जातीय भेदभाव धार्मिक भेदभावकै एउटा विशिष्ट अभिव्यक्ति भनेर मान्नुपर्ने हुन्छ।

यसै पनि, भारतीय जनता पार्टी ( भाजपा) को 'मातृ संस्था' का रूपमा परिचित र विशेषगरी विश्व हिन्दु परिषद् (भीएचपी), राष्ट्रिय स्वयंसेवक सङ्घ (आरएसएस) नेपालका अधिकांश जिल्ला र सहरहरूमा सक्रिय रहेको बताइन्छ। यसको अर्थ धेरै नेपालीहरू यी इकाइहरूका सङ्गठित सदस्य हुन्, जुन एक राष्ट्रिय शीर्ष संस्थासँग जोडिएका छन्। विस्तीर्ण र श्रेणीबद्ध सङ्गठनहरू प्रायः ठूलो परिचालन शक्ति बटुलेर बसेका हुन्छन्, जसलाई परिआएमा तुरुन्तै परिचालन गर्न सकिन्छ। उनीहरू भारतका अत्यन्त शक्तिशाली मुख्यालयका इकाइहरू हुनु वा कम्तीमा कुनै न कुनै रूपमा सम्बद्ध हुनुले उनीहरूलाई नेपालका अधिकांश सङ्गठनहरूभन्दा अझ बढी शक्तिशाली मान्नुपर्छ।

भारत र नेपाल- पहाडभन्दा पनि नेपालको तराई-मधेस क्षेत्र- एउटा झन्डै अविच्छिन्न सांस्कृतिक क्षेत्रझैं देखिन्छ। उत्तर भारत र तराई-मधेसबीचको प्रशंसितलगायत निर्भरता बढाउने 'रोटी-बेटी', 'भन्साररहित', र 'भिसारहित' सम्बन्ध र नेपालको पहाड तथा भारतबीचको 'बहादुर र मालिक' को सम्बन्धलाई अब साझा धर्म राख्ने अन्तर्राष्ट्रिय सङ्गठनहरूका माध्यमबाट अझ बलियो बन्ने खतरा उत्पन्न भएको छ। यस्ता सङ्गठनहरू चाँडै नै नेपालका लागि राजनीतिक रूपमा अत्यन्तै निस्सासिँदो बन्न सक्छन्।

यसअघिका कुनै पनि तर्कहरूको अर्थ अन्य सबै धर्महरूले अनुदान पाइरहँदा सनातन धर्मलाई भने सार्वजनिक कोषको पहुँचबाट वञ्चित गरिनुपर्छ भन्ने लाग्दैन। बौद्ध, इसाई, इस्लाम आदि सबै धर्ममा आधारित लगानीका स्रोतहरू पहिचान गरिनुपर्छ र तिनलाई रोक्नुपर्छ। यो प्रतिबन्ध धर्मसँग सम्बद्ध प्रत्यक्ष या परोक्ष रूपले भित्रिने अन्तर्राष्ट्रिय वित्तीय सहयोगमा पनि अनिवार्य रूपमा लागू हुनुपर्छ। सार्वजनिक तथा अन्तर्राष्ट्रिय धार्मिक अनुदान वा लगानीमा नियन्त्रण गरिएमा मात्रै लोकतन्त्र र असल नागरिकत्वको भावना फस्टाउने सम्भावना रहन्छ।

मैले बुझेअनुसार 'धर्म' का मुख्य तीनवटा भिन्न-भिन्न प्रयोग वा अर्थहरू रहेका छनः

(क) आफ्नो कर्तव्य (कर्म) को पालनामा तत्पर रहनु र उत्कृष्टता हासिल गर्नु,

(ख) मानिसहरूका साथै सम्पूर्ण प्राणी जगत्प्रति नैतिक र सहानुभूतिपूर्ण सोच, वाणी तथा व्यवहार राख्नु,

र(ग) कुनै सर्वशक्तिमान् अलौकिक शक्तिप्रति पूर्ण निष्ठा राख्दै आफ्नो जीवन त्यसैमा समर्पित गर्नु।

यो अन्तिम प्रयोग सर्वपरिचित 'भक्तिमार्ग' हो।

ध्यान दिनुपर्ने कुरा के छ भने, धर्मका अन्य प्रयोग वा अर्थहरूको तुलनामा हिन्दुहरूमाझ- र स्वयं हिन्दु धर्मभित्रै- यो भक्तिमार्ग विगत चार शताब्दीयता मात्र बढी हावी बन्दै गएको हो। ऋग्वेद (मण्डल १०, सूक्त १२९; नासदीय सूक्त), जसलाई धेरैजसो विशेषज्ञहरू ईसापूर्व १५०० तिरको मान्छन्, ले 'ब्रह्माण्डको सृष्टि कुनै ईश्वरले नै गरेको हो त ?' भनी प्रश्न उठाउँछ, र यो स्वतः अस्तित्वमा आएको हो भन्ने दाबी गर्दछ।

ऋग्वेद अहिले प्राचीन मानिने संस्कृत भाषामा रचिएको हुनाले यसको अर्थ बुझ्न कठिन छ भन्ने कुरा स्वीकार गर्नुपर्छ। तर, यदि धेरै आधिकारिक अनुवादहरूलाई पत्याउने हो भने सो ऋचाले के स्पष्ट पार्छ भने ईश्वरले ब्रह्माण्डको सृष्टि गरेका होइनन् र ईश्वरहरू पछि मात्र यो स्वतः उत्पन्न भएको ब्रह्माण्डमा आएका हुन्। अर्थात्, ईश्वरले जीवनको सृष्टि गरेका होइनन् र त्यसैले जीवनमाथि उनीहरूको कुनै आधिपत्य हुन सक्दैन।

पछि बौद्ध धर्मले पनि (ईसापूर्व पाँचौं शताब्दीमा) यसको पुष्टि गरेको थियो। बौद्ध धर्मले 'हामी ईश्वरविहीन छौं' भन्यो। बौद्ध धर्मले हामीलाई मध्यस्थकर्ता अर्थात् पुजारीविना र ईश्वरविना बोधि, निर्वाण वा ज्ञानको मार्गमा अगाडि बढ्ने सचेत प्रयास गर्न आह्वान गर्‍यो। दुःखको अन्त्य र मुक्तिका लागि यही मात्र एउटा मार्ग अवलम्बन गर्न प्रेरित गर्‍यो।

यसैगरी न्याय शास्त्रले (ईसापूर्व छैटौं शताब्दीदेखि ईसापूर्व दोस्रो शताब्दी) हामीलाई के भन्छ भने मुक्ति वा मोक्ष ईश्वरको अगाडि दण्डवत् गरेर होइन, वैध र प्रामाणिक ज्ञानका माध्यमबाट प्राप्त हुन्छ। जैन धर्मका साथै वैशेषिक, साङ्ख्य, चार्वाक/लोकायत आदि दर्शनहरूले पनि अलौकिक संसार र सोचका सन्दर्भमा न्याय शास्त्रको धारणालाई आत्मसात् गर्छन्।

इस्वी संवत् सोह्रौं शताब्दीको चैतन्य महाप्रभुको उदयसँगै भक्ति सम्प्रदाय उकालो लाग्यो। यो यति तीव्र रूपमा फैलियो कि सोह्रौं शताब्दीसम्म भारत र सम्भवतः नेपालमा पनि प्रकृति-प्रधान अज्ञेयवादी र नास्तिक दर्शनहरू लोकप्रिय थिए भन्नेमा अहिले भारत र नेपालमा थोरै मात्रै परिचित छौं।

त्यसपछि ईश्वरवादी अवधारणा किन झन्झन् हावी हुँदै गयो भन्ने विषयबारे गहिरो अनुसन्धानको आवश्यकता छ। के यो 'विरोधी' इस्लाम, इसाई र अन्य धर्महरूसँगको जम्काभेट- सायद स्वयं धर्मसँग भन्दा पनि त्यस्ता धर्मका संवाहक र मठाधीशहरूसँगको प्रभुत्वका लागि भएको प्रतिस्पर्धाको परिणाम थियो ? के यो उपनिवेशवादले गर्दा भयो ?

वा सत्रौं शताब्दीमा इस्ट इन्डिया कम्पनीको आक्रामक आगमनपछि दक्षिण एसियाली क्षेत्रमा लागू भएको तीव्र वि-औद्योगिकीकरण (अर्थात्, उद्योगहरू बन्द हुने प्रक्रिया व्यापक र अत्यधिक) र समग्र आर्थिक मन्दीका कारण उत्पन्न भएको अत्यधिक अनिश्चितता यसको कारण थियो ? वा यो धर्म अझ जटिल र सङ्गठित भएको परिणाम थियो ?

कारण जेसुकै भए तापनि नेपाली राजनीतिक नेताहरूको वर्तमान पुस्ता सङ्गठित धर्मलाई बढावा दिएर आफ्नो भाग्य अजमाउने प्रयासमा लागेको देखिन्छ। पछिल्लो समयका नेताहरू केवल एक दशकअघिका राजनीतिक नेताहरूको तुलनामा स्पष्ट रूपमा अझ बढी 'आस्थावान' छन् वा आस्थाको अभिनय गर्न अत्यन्तै निपुण छन्।

९. भक्तिमार्ग, धर्म र अलौकिकतामा केन्द्रित हुने भएकाले यसले सचेत, आत्म-परावर्तन (अर्थात् आफू र आफ्नै कर्मबारे आफैंसँग विचारविमर्श गर्ने) र आलोचनात्मक सोचलाई अवमूल्यन गर्दछ। यसका अतिरिक्त यसले अन्य व्यक्तिहरूको परवाह गर्दैन; कुनै पनि भक्तको उत्थान वा पतन ईश्वरसँगको उसको (वा उनको) सम्बन्धमा आधारित हुन्छ। अरूसँगको भक्तको सम्बन्धको प्रकृति मोक्ष वा स्वर्ग वा अन्य कुनै स्थान प्राप्त हुँदैन।

भक्तिमार्गले समुदाय र समाजका अन्य सदस्यहरूलाई एक्लाएक्लै हिँड्ने यात्रीका रूपमा बाहेक अन्य किसिमले सम्मान गर्दैन। भक्तिमार्ग व्यक्तिगत कल्याण वा मुक्तिमा केन्द्रित हुने भएकाले यसले 'म' मात्रै देख्छ। मानिस जीवनमा एकल यात्रामा तय हुन्छ। भक्तिमार्ग असामाजिक प्रकृतिको हुन्छ। भक्तिमार्ग समुदाय, लोकतन्त्र र नागरिकताको मूल मर्मविपरीत जान्छ। यस विषयमा केही समयपछि फेरि चर्चा गरिनेछ।

कार्ल मार्क्सको एउटा प्रसिद्ध उक्ति छ- 'धर्म जनताका लागि अफिम हो।' (यो उद्धरण ए कन्ट्रिब्युसन टु द क्रिटिक अफ हेगेल्स फिलोसोफी अफ राइट, १८४३ बाट लिइएको हो; मार्क्सको अभिव्यक्ति जर्मन भाषामा 'खयपिभक' थियो, जसलाई आमजनता वा सर्वसाधारणका रूपमा पनि अनुवाद गर्न सकिन्छ। यसबाहेक, मार्क्सले वास्तवमा यस बिन्दुलाई यसरी जोड दिएका थिएः 'धर्म उत्पीडित प्राणीको सुस्केरा हो, हृदयहीन संसारको हृदय हो र आत्माविहीन परिस्थितिहरूको आत्मा हो। यो जनताका लागि अफिम हो।') म राम्ररी बुझ्न सक्छु कि कुनै व्यक्तिगत व्यक्तिको सन्दर्भमा धर्मले अफिमजस्तै काम गर्न सक्छ। यो कहिलेकाहीँ आमजनताको सन्दर्भमा पनि अफिमझैं बन्न सक्छ।

तर मार्क्सले 'त्यो परिस्थिति सधैं समान हुँदैन' भन्ने तथ्यलाई भने छुटाए। इतिहासका खास मोड वा चरणहरूमा, जब विशेषगरी एउटै धर्म मान्ने पुरुष युवाहरू एक ठाउँमा जम्मा हुन्छन् र एक जना अन्य धर्मावलम्बी आइपुग्छ, त्यतिबेला धर्म अफिमको रूपमा नभई विनाशकारी शक्ति र हतियारको रूपमा प्रकट हुन सक्छ। अनि जब धर्मलाई सरकार र राजनीतिक नेताहरूले आफ्नो अनुकूल ढाल्छन्, तब धार्मिक आस्था मानव जातिलाई थाहा भएको सबैभन्दा विनाशकारी शक्तिहरूमध्ये एक बन्न सक्छ।

यसरी, भक्तिमार्ग हामीमाझ अफिमको रूपमा पनि प्रस्तुत हुन सक्छ वा प्रभुत्व जमाउने र हतियार उठाउने आह्वानका रूपमा आउन सक्छ। यी दुवै त्याज्य छन्। हामीले भर्खरै देखेको मृत्यु र विनाश आगोसँग खेल्नुसरह थियो ( र त्यो केवल परालको आगो मात्र नभई भुसको आगो थियो)। विगतका सबै धार्मिक युद्धहरू- र यस्ता युद्धहरूले निम्त्याएको मृत्यु र विनाश यसका पर्याप्त प्रमाण हुन्। खासगरी युरोप र अन्य ठाउँहरूमा त्यसयता बारम्बार भइरहने धार्मिक युद्धहरूको मुख्य कारक तत्त्वलाई मार्क्सले कसरी छुटाए भन्ने कुरा आश्चर्यजनक छ। क्रिस्चियन चर्च र राजाहरूले अन्य स्थान र धर्मावलम्बीहरूविरुद्ध रचाएको क्रुसेड आदि तथ्यहरूमा मार्क्सले किन आँखा चिम्लिए भन्ने कुरा पनि आश्चर्यजनक छ।

अन्तरधार्मिक द्वेषलाई बढावा दिने एउटा बहस र अभ्यास 'पूर्वीय' र 'पश्चिमी' लाई एकअर्काको विरुद्ध उभ्याउने अभ्यास हो, जसलाई नेपाल र भारतका धेरै विद्वान्हरूले बारम्बार दोहोर्‍याइरहने गर्छन्। (अनि यो केवल भारत-नेपालको धारणा मात्र पनि होइन। बम्बईमा जन्मेका नोबेल पुरस्कार विजेता अङ्ग्रेजी पत्रकार, उपन्यासकार र कवि रुडयार्ड किपलिङले हामीलाई एउटा प्रसिद्ध उद्धरण दिएर गएः 'इज, भ्बकत ष्क भ्बकत, बलम ध्भकत ष्क ध्भकत, बलम लभखभच तजभ तधबष्ल कजर्बीिभभत.' अर्थात् पूर्व पूर्व नै हो र पश्चिम पश्चिम नै हो, यी दुईको मिलन कहिल्यै हुँदैन)। यो आह्वान प्रायः नेपाल र भारतमा विशेषगरी इसाई र इस्लामको विरुद्ध पूर्वीय सनातन (हिन्दु) धर्मको श्रेष्ठतालाई पुष्टि गर्नका लागि गरिन्छ। युरोपमा भने यो आह्वान क्रिस्तान धर्मलाई सर्वोच्च पुष्टि गर्नका लागि प्रयोग गरिन्छ।

भारत र नेपालमा पूर्वीय सभ्यता/संस्कृति/ज्ञान र पश्चिमी सभ्यता/संस्कृति/ज्ञानबीच बारम्बार गरिने तुलनालाई फिरङ्गी (ायचभष्नलभच को अपभ्रंश ?) पूर्वीय अर्थात् स्थानीय मूल्यमान्यता र अभ्यासहरूको रक्षाको लागि पनि प्रयोग गरिन्छ। यसलाई अझ सहज रूपमा बुझ्दा भारत र नेपालमा इसाई र इस्लाम धर्मको विस्तार र अतिक्रमणविरुद्धको प्रतिक्रियाका रूपमा पनि प्रयोग गर्ने गरिएको छ।

यद्यपि, सभ्यता, ज्ञान र संस्कृति मानव जीवन र समाजका स्थिर संरचना होइनन्; यी निरन्तर परिवर्तन भइरहन्छन् र विगत ४०० वर्षदेखि यी संरचना र प्रक्रियाहरू 'पश्चिम' को पक्षमा प्रवाहित भएका छन् र 'पूर्व' लाई धेरै पछाडि छाडिदिएका छन्। दोस्रो, यो बहसले 'पूर्व' लाई दक्षिण एसियामा मात्र सीमित गर्छ र यसको सारमा पुग्दा केवल हिन्दु तथा केही हदसम्म बौद्ध धर्मावलम्बीहरूलाई भारत र नेपालमा खुम्च्याउँछ। यसले 'पूर्व' मा नै पर्ने चीन, जापान, कोरिया र सम्पूर्ण दक्षिणपूर्वी एसियालाई मात्र नभई दक्षिण एसियाको इस्लामिक सभ्यता, ज्ञान र संस्कृतिलाई समेत बाहिरै छाडिदिन्छ।

तेस्रो, यो बहसले विश्वको पूर्वदेखि पश्चिम र दक्षिणदेखि उत्तरसम्म सबै आर्थिक, राजनीतिक र सांस्कृतिक लेनदेन र आदानप्रदानहरूलाई नकार्छ। यसले विगत ४०० वर्षयता विशेष रूपमा उदय हुँदै गएको स्थानीय र विश्वव्यापीको सांस्कृतिक सम्मिश्रणलाई पनि अस्वीकार गर्दछ। उदाहरणका लागि यस्तो सम्मिश्रणलाई स्थान दिँदै बेलायती औपनिवेशिक शासन हुँदा यो तर्क गरिएको छ कि भारतको जात व्यवस्थामा आएका परिवर्तनहरू भारत र बेलायत दुवैका कारणले भएका थिए (हेर्नुहोस्ः निकोलस डर्क्सको 'कास्ट्स अफ माइन्डः कोलोनियलिज्म एन्ड द मेकिङ अफ मोडर्न इन्डिया' २००१, प्रिन्स्टन विश्वविद्यालय)। अर्थात् भूमण्डलीकरण र 'पश्चिम' को दबदबा रहेका विगतको ३००-४०० वर्षमा एउटा छुट्टै 'पूर्व' र अर्को छुट्टै 'पश्चिम' को परिकल्पना फगत मिथ्या परिकल्पना हुन जान्छ।

यी सबै कारणहरूले गर्दा 'पूर्व' र 'पश्चिम' को बहस एउटा पूर्ण रूपमा रक्षात्मक रणनीति मात्र बन्न पुगेको छ र असफलता व्यहोरिसकेको छ। मलाई थाहा छ हामीमध्ये केही अझै पनि पूर्वीय सभ्यता, ज्ञान र संस्कृतिमा गर्व गर्छौं। तर जुन सभ्यता, ज्ञान र सनातन संस्कृति ४०० वर्षपहिले आफ्नो शिखरमा थियो तर त्यसयता भुइँमा पछारिएको छ; त्यसले न त हामीले आज सामना गरिरहेका चुनौतीहरूको समाधान गर्नेछ, न त हामीलाई भविष्यका लागि तयार नै गर्नेछ।

हो, पूर्वीय सभ्यता त्यस्तो पुरानो उपलब्धि हो जसबाट हाल हामी प्रेरणा लिन सक्छौं। अर्थात्, जसलाई हामी हाम्रा 'पूर्वज' भन्न सक्छौं, उनीहरूले इतिहासको एउटा विशिष्ट चरणमा ज्ञान निर्माणको शिखर चुमेका थिए। यस्तो प्रेरणाले हामीलाई एउटा सुन्दर नयाँ भविष्यलाई पुनः आविष्कार गर्न गम्भीर प्रेरणा दिन सक्छ। बाँकी बहस सबै केवल व्यर्थ हुन्।

एउटा फुटनोटका रूपमा म के पनि थप्न चाहन्छु भने, नश्लीय 'आर्य' शब्दावली (जसले संविधानमा 'खस-आर्य' अत्यन्तै भद्दा स्थान पाएको छ) लाई पनि प्रायः 'पूर्व' र 'सनातन' को बहस र अभ्यासलाई पुष्टि गर्नका लागि प्रयोग गरिन्छ। यो वर्ग अचानक आविष्कार गरिएको थियो। 'आर्य' उपवर्गको आधार अत्यन्तै कमजोर र अस्वस्थ रहेको छ। तर जतिसुकै कमजोर भए पनि 'आर्य' ले बाँकी वर्गहरूसँग अन्यायपूर्ण वा द्वेषपूर्ण तुलना गरिरहने आधार प्रदान गरेको छ। त्यसयता यो जातीय-नश्लीयका साथै धार्मिक श्रेष्ठताको पर्खाल बनेको छ।

अलौकिक शक्तिप्रतिको आस्था र विशेषगरी धर्मसापेक्ष राज्यले मूलतः लोकतन्त्रको संरचना र भावनाविपरीत काम गर्छन्। लोकतन्त्र र धर्मसापेक्ष राज्य कहिल्यै पनि एकअर्काका सहवर्ती बन्न सक्दैनन्। धार्मिक राज्य लोकतान्त्रिक बन्न सक्दैन।

धर्मसापेक्षताले अन्य नागरिकहरूलाई पाखा लगाउँदै खास-खास आस्थावान्हरूलाई बढी प्राथमिकता दिन्छ- जसले नागरिकहरूबीचको समानता प्रदान गर्ने लोकतान्त्रिक मर्ममा प्रहार गर्छ र निष्प्रभावी तुल्याउँछ। यसबाहेक

बाँकी पृष्ठ ३मा

## धार्मिक राज्य……………….

यसले अलौकिक तत्त्वलाई सर्वोच्च स्थानमा राख्छ, जसले गर्दा यसले लौकिक अर्थात् सांसारिक जीवनको मूल्य र महत्त्वको अवमूल्यन गर्छ। लौकिक सत्ताधारीहरू आफ्नो सांसारिक वा लौकिक स्वार्थ (निजी लौकिक स्वार्थसमेत) पूरा गर्नका लागि अलौकिकतासमेतको पुजारी बन्न पुग्छन्। भारत र नेपाललगायत धर्मभिरुतालाई प्रबलताका साथ अँगालेका मुलुकहरूमा यस्तो आडम्बर टड्कारो देख्न सकिन्छ।

अहिलेका विश्वका सबै दक्षिणपन्थी सरकारहरू, जस्तैः भारत, पाकिस्तान, हङ्गेरी, संयुक्त राज्य अमेरिका आदिले यही गरिरहेका छन्। उग्र बौद्ध धर्मलाई केन्द्रमा राखेर सिंहली बाहुल्य रहेको श्रीलङ्काले पनि केही वर्षअघिसम्म यही गरेको थियो। हाल थाइल्यान्डमा पनि यही भइरहेको छ।

भयाक्रान्त तुल्याउने कुरा के हो भने नेपाल बिस्तारै त्यही दिशातिर धकेलिँदैछ। पछिल्लो समयमा राँगाको पूजा, मठ-मन्दिरको तीर्थाटन अनि विभिन्न बाबाजीहरूको आशीर्वाद र सहमति पाउने प्रतिस्पर्धा स्वाभाविकजस्तै बनिसकेको थियो भने रुद्रीपाठ, टीका, फूलप्रसाद, ठाडो टीका, गेरुवस्त्र आदि नयाँ आविष्कारका रूपमा देखापरेका छन्।

एउटा रोचक विषयका रूपमा, मैले प्रधानमन्त्री बालेनको र्‍याप सङ्गीत- जुन मूलतः एउटा विरोधको सङ्गीत हो- र रुद्रको प्रार्थना, इन्जिनियरिङ र रुद्री, फेसबुक र रुद्री अनि धर्मनिरपेक्षता र रुद्रीबीच कुनै सङ्गति वा तादात्म्य देख्न सकेको छैन।

म यहाँ मनसा, वाचा र कर्मणाबीच गम्भीर असङ्गति देख्छु। मलाई लाग्छ, यी तीनवटा (मन, वचन र कर्म) बीचको सङ्गति नै सच्चारित्रताको मूल हो; चाहे त्यो राजनीतिक प्रणालीको होस्, राजनीतिक दलको होस्, राजनीतिक नेताको होस् वा तपाईं र म जस्ता सर्वसाधारण नागरिकको नै किन नहोस्।

मेरो विचारमा यस्तो सच्चरित्रताबाट नै अध्यात्मको जन्म हुन्छ। 'पूर्वीय सभ्यता' को बहस गर्नेहरूले 'पश्चिमी सभ्यता' र यसको तथाकथित 'भौतिकवादी प्रकृति' को कटु आलोचना गर्दा अध्यात्मलाई आफ्नो प्रिय हतियार वा पहरेदारका रूपमा अघि सार्छन्। तर अध्यात्म ईश्वरप्रतिको विश्वासबाट उत्पन्न हुन पनि सक्छ र नहुन पनि सक्छ; यो त वास्तवमा आफ्नो कर्तव्य निष्ठापूर्वक र उत्कृष्टताका साथ पालना गर्दा, अरूसँग निष्कपट सहकार्य गर्दा तथा समानुभूति, दया र करुणाजस्ता गुण र भावनाहरूबाट पो जन्मन्छ।

आफूले आफूलाई जस्तै व्यवहार अरूलाई पनि गर्नु पनि अध्यात्मको सच्चा मन्त्र हो भन्ने मलाई लाग्छ। पक्कै पनि ईश्वरविहीन अध्यात्मको अभ्यास गर्न सकिन्छ। पूर्वीय संस्कृति र सभ्यताको तथाकथित पवित्रताको दुहाइ दिनेहरूले जस्तै गरेर ईश्वरको नाम जप्नु वा पुकार्नु मात्रलाई अध्यात्मको पर्याय मानिनु हुँदैन।

एउटा लोकतान्त्रिक राजनीतिक नेता नागरिकहरूले आफ्नो लौकिक मतदानबाट निर्वाचित हुन्छ। त्यो नेताबाट अलौकिक होइन, लौकिक उपलब्धि हासिल हुने अपेक्षा गरिन्छ। यसो गर्दा नेताले लौकिक (कानुनी, व्यावसायिक, वित्तीय, व्यवस्थापकीय आदि) साधनहरूको प्रयोग गर्ने अपेक्षा गरिन्छ, न कि अलौकिक (पूजा, जादु, मन्त्र आदि) माध्यमहरूको।

लोकतन्त्रमा अलौकिक तत्त्वहरूको सञ्चालन वा तुष्टीकरणका लागि कुनै राजनीतिक वा सार्वजनिक स्थान रहँदैन। नागरिकले पालिका, प्रदेश र सङ्घका सञ्चालक, सांसद, मन्त्री र प्रधानमन्त्रीलाई मत हाल्छन्; पुजारी, पण्डित, भट्ट आदिलाई होइन।

लोकतान्त्रिक राजनीतिको उद्देश्य जादुई र अलौकिक माध्यमबाट लौकिक लाभ हासिल गर्नु होइन, नागरिकहरूलाई कर्तव्यनिष्ठ र उत्कृष्ट नागरिक बन्न मद्दत गर्नु हो। लोकतन्त्र यसै संसारको, यसै देशको र देशका विभिन्न स्थानहरूमा रहने जनता तथा सार्वजनिक वृत्तको राजनीति हो। यो मानव निर्मित इतिहासको एउटा विशिष्ट समयरेखासँग सम्बन्धित छ- देवता र देवीहरूको अनन्त समयसँग होइन। यो ईश्वरीय संसारको नभई नागरिक अर्थात् लौकिक संसारको मामिला हो।

लोकतन्त्रलाई समृद्ध तुल्याउन ईश्वरमा होइन, जनतामाथि विश्वास हुनु आवश्यक छ। वास्तवमा, यदि राजनीतिक नेताहरूले आफूलाई देवताहरूको आशीर्वाद प्राप्त भएको महसुस गर्न थाले भने उनीहरूले आफ्ना मतदाताहरूले भोगिरहेका समस्याहरूलाई गम्भीरताका साथ सम्बोधन नगर्ने जोखिम रहन्छ।

धर्मले राजनीतिक र सार्वजनिक क्षेत्र ओगट्न थाल्यो भने लोकतन्त्रको अवमूल्यन गर्छ र यसले नागरिकत्वलाई पनि कमजोर बनाउँछ। चाहे त्यो राजनीतिक नेताको तर्फबाट होस् वा एक सर्वसाधारण मतदाताको तर्फबाट, अलौकिक शक्तिमाथिको अटल राजनीतिक आस्थाले सार्वजनिक जीवनलाई विश्लेषण र हस्तक्षेप गर्ने तीक्ष्णतालाई भुत्ते पारिदिन्छ। धर्मनिरपेक्ष नागरिकत्वका तत्त्वहरूलाई अभ्यास गर्ने तीक्ष्ण राजनीतिक नागरिकहरू नै वास्तवमा लोकतान्त्रिक प्रणालीका बलिया खम्बाहरू हुन्।

एउटा फुटनोटका रूपमा, म व्यक्तिगत रूपमा 'लोकतन्त्र' को धारणाभन्दा 'नागरिकतन्त्र' को धारणालाई बढी रुचाउँछु। 'लोक' शब्द अलि अमूर्त छ र यो नागरिकतिर लक्षित छैन। अर्कोतर्फ, नागरिकतन्त्रले राष्ट्रिय राजनीतिमा रहेका हरेक वैध सरोकारवालाहरूलाई व्यक्तिगत र सामूहिक दुवै रूपमा प्रत्यक्षतः सबल बनाउन सक्छ। यसका अतिरिक्त, 'नागरिक' को पहिचानले अरू सबै राजनीतिक पहिचानहरू- महिला र पुरुष, धनी र गरिब, पहाडी र मधेसी, जात र जाति आदिलाई- आफूभित्र समेट्छ; यद्यपि विशिष्ट समय र स्थानहरूमा 'साना' पहिचानहरूले पनि आफ्नो उचित स्थान पाउन सक्छन्। यसले हामीलाई राष्ट्रिय प्राथमिकताहरूलाई पुनः परिभाषित गर्न पनि घचघच्याउँछ- अर्थात् जुन प्राथमिकताहरू नागरिकसँग प्रत्यक्ष रूपमा जोडिएका छन्, तिनैमाथि ध्यान केन्द्रित गर्नुपर्छ।

निष्कर्षमा, यो प्रस्तुतिको मुख्य ध्यान राजनीतिक नेताहरूद्वारा धर्मको सार्वजनिक अभिव्यक्ति र अभ्यासबाट उत्पन्न हुने विकृतिहरूमा केन्द्रित रहेको छ। सर्वसाधारण नागरिकहरूले गर्ने निजी आस्थाको पहुँच र अभ्यासलाई सीमित गर्ने पक्षमा होइन।

आफू स्वयं र आफ्नो घर-परिवार मुख्य रूपमा निजी क्षेत्र वा दायरा हुन्। निजत्वको हकमाथि हस्तक्षेप गर्नु अलोकतान्त्रिक कार्य हो। ती निजी क्षेत्रहरूमा मानिस धर्मको अभ्यास गर्नका साथै हरेक प्रकारका कल्पना, सपना, आशा, डर, सहानुभूति र करुणा जगाउन पूर्ण रूपमा स्वतन्त्र हुनुपर्छ।

अर्कोतर्फ, एकातिर लोकतन्त्र र लोकतान्त्रिक नागरिकत्वलाई र अर्कोतिर अलौकिकतालाई एउटै डालोमा हाल्नु भनेको सर्वथा अनुचित हुन्छ।

साभारः अनलाइनखबरडकम

# सुदूरपश्चिममा पाँचपटक सरकार फेरिँदा

## ३८ सांसद मन्त्री बने, नौ जना भने अवसरबाट वञ्चित



दैनिक समाचारदाता

धनगढी, ६ भदौ । सुदूरपश्चिम प्रदेश सभाको दोस्रो कार्यकाल सुरु भएको करिब चार वर्षको अवधिमा पाँचपटक सरकार फेरबदल भएको छ। राजनीतिक समीकरणसँगै चार जना सांसद मुख्यमन्त्री बनेका छन् भने विभिन्न समयमा ३८ जना सांसदले मन्त्री बन्ने अवसर पाएका छन्। तर, पटक-पटक सरकार फेरिए पनि नौ जना सांसद भने अहिलेसम्म मन्त्री बन्ने अवसरबाट वञ्चित रहेका छन्।

गत साउन २९ गते मुख्यमन्त्री बनेका नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का खगराज भट्टले शुक्रबार तीन मन्त्री र दुई राज्यमन्त्री नियुक्त गर्दै प्रदेश सरकारलाई पूर्णता दिएका छन्। नयाँ सरकार विस्तारसँगै २०७९ सालको निर्वाचनबाट निर्वाचित ५३ प्रदेश सभा सदस्यमध्ये मुख्यमन्त्री तथा मन्त्री बन्ने सांसदको संख्या ३८ पुगेको छ। राजनीतिक समीकरण पटक-पटक फेरिँदा सुदूरपश्चिममा हालसम्म पाँचवटा सरकार गठन भएका छन्। पाँचपटकको सरकार विस्तारमा ३८ जना सांसद मन्त्री र चार जना मुख्यमन्त्री बने पनि नौ जना सांसदले भने मन्त्री बन्ने अवसर पाएका छैनन्। तीमध्ये राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की खेमादेवी विष्ट निरन्तर प्रतिपक्षी भूमिकामै रहेकी छन्। अन्य सांसद भने कहिले सत्ता र कहिले प्रतिपक्षमा रहेका प्रमुख राजनीतिक दलका हुन्।

दलगत हिसाबले एमालेका ११ जना सांसदमध्ये धर्मराज पाठक मात्रै मन्त्री बन्नबाट वञ्चित छन्। एमालेकी कोइलीदेवी चौधरी उपसभामुख बनेकी छन् भने अन्य नौ जना मन्त्री बनिसकेका छन्। अहिलेको सरकारमा पनि एमालेका अन्य चार जनाले मन्त्री बन्ने अवसर पाए पनि पाठक भने छुटेका छन्। यद्यपि, उनी प्रदेश सभाको सामाजिक विकास समितिका सभापति छन्।

प्रदेश सभामा २२ सिटसहित सबैभन्दा ठूलो दल नेकपाका दुई जना सांसदले पनि अहिलेसम्म मन्त्री बन्ने अवसर पाएका छैनन्। दार्चुलाका मानबहादुर धामी र डोटीका शिवसिंह ओली मन्त्री बन्नबाट वञ्चित छन् भने नेकपाकै भीमबहादुर भण्डारी सभामुखको जिम्मेवारीमा छन्। १८ जना सांसद रहेको नेपाली कांग्रेसका भने छ जना सांसद अहिलेसम्म सरकारमा सहभागी हुन पाएका छैनन्। दिवानसिंह विष्ट, पदमबहादुर शाही, डम्मरी महरा, गीता चौधरी, ललिता सुनार र तुलसी देवकोटा पाँचपटक सरकार विस्तार हुँदा पनि मन्त्री बन्ने सूचीमा पर्न सकेनन्।

अर्कोतर्फ, मन्त्री बनेर पनि फेरिँदो राजनीतिक समीकरणका कारण प्रभावकारी रूपमा काम गर्ने पर्याप्त अवसर नपाएका सांसदहरूको संख्या पनि कम छैन। कांग्रेस, साविक नेकपा माओवादी तथा नागरिक उन्मुक्ति पार्टीका केही सांसद छोटो अवधिका लागि मन्त्री बनेर सरकारबाट बाहिरिनुपरेको अवस्था छ।

प्रदेश सरकार गठनका क्रममा कतिपय सांसदले भने दोहोरिएर मन्त्री बन्ने अवसर पाएका छन्। कांग्रेसका शिवराज भट्ट र पदमुक्त भइसकेका प्रकाशबहादुर देउवा, नेकपाका ओमविक्रम भाट र खुसीराम चौधरीलगायत सांसदले एकभन्दा बढी पटक मन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन्। सुदूरपश्चिम प्रदेश सभाको दोस्रो कार्यकालको सुरुआतमा एमालेका राजेन्द्रसिंह रावल मुख्यमन्त्री बनेका थिए। तर, राजनीतिक समीकरण फेरिएसँगै उनी एक महिनामै पदमुक्त भए। त्यसपछि कांग्रेसका कमलबहादुर शाह मुख्यमन्त्री बने।

पछि एमाले र साविक नेकपा माओवादीको समर्थनमा एकीकृत समाजवादीका दीर्घ सोडारी मुख्यमन्त्री बने। उनले पनि लामो समय सरकार सञ्चालन गर्न पाएनन् र करिब तीन महिनामै पदमुक्त हुनुपर्‍यो। त्यसपछि पुनः एमालेको समर्थनमा कांग्रेसका कमलबहादुर शाह मुख्यमन्त्री बने। अहिले फेरि राजनीतिक समीकरण परिवर्तन भएपछि नेकपाका खगराज भट्ट एमालेको समर्थनमा मुख्यमन्त्री बनेका छन्।

यसरी पाँचपटक सरकार फेरबदल हुँदा कतिपय सांसदले दोहोरिएर मन्त्री बन्ने अवसर पाए पनि नौ जना सांसद निरन्तर अवसरबाट वञ्चित रहनुले प्रदेश राजनीतिमा मन्त्री छनोटको आधारमाथि प्रश्न उठाएको छ। कांग्रेस, एमाले र नेकपालगायत प्रमुख दलभित्र विधि, सिद्धान्त र क्षमता भन्दा पनि व्यक्ति तथा गुटप्रतिको निकटतालाई प्राथमिकता दिने प्रवृत्ति हाबी रहेको नेताहरू नै स्वीकार गर्छन्। यही कारण क्षमता र योग्यता हुँदाहुँदै पनि कतिपय सांसद अवसरबाट वञ्चित हुने अवस्था देखिएको छ।

पार्टीभित्रको गुटगत प्रतिस्पर्धा र शीर्ष नेताले आफ्ना विश्वासपात्रलाई प्राथमिकता दिने प्रवृत्तिलाई पनि यसको प्रमुख कारणका रूपमा हेरिएको छ। परिणामस्वरूप, योग्यता, क्षमता र कार्यसम्पादनभन्दा माथिल्लो तहका नेतासँगको निकटता नै मन्त्रीलगायत राजनीतिक अवसर प्राप्त गर्ने प्रमुख आधार बन्दै गएको देखिन्छ।

## आयोगको....

निरन्तरताका आधारमा सचिवहरूको खटनपटन र पदस्थापन गरिएको मन्त्री भट्टराईले बताए।

बैठकले प्रदेश सरकारअन्तर्गत पूर्वाधारसम्बन्धी मन्त्रालय तथा निकायमा कार्यरत इन्जिनियरिङ जनशक्तिको वृत्तिविकास तथा कार्यगत गतिशीलतासम्बन्धी अध्ययन गर्न तीन सदस्यीय कार्यदल गठन गर्ने निर्णयसमेत गरेको छ।

नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएका इन्जिनियरिङ विज्ञको संयोजकत्वमा गठन हुने कार्यदलले प्राविधिक जनशक्तिको वृत्तिविकास, विशेषज्ञता विकास, पदस्थापन, सरुवा तथा कार्यगत गतिशीलताका आधार र आवश्यक कानुनी सुधारका विषयमा अध्ययन गर्नेछ। कार्यदलले १५ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेस गर्ने जनाइएको छ।

कार्यदलले प्राविधिक जनशक्तिको विशेषज्ञता र अनुभवको अधिकतम उपयोग, वृत्तिविकासका अवसरको सुनिश्चितता, उचित व्यवस्थापन तथा कार्यक्षेत्रअनुसार विशेषज्ञता विकासका विषयमा अध्ययन गरी सुधारका उपाय सिफारिस गर्नेछ। त्यस्तै, मन्त्रिपरिषद् बैठकले मधेस प्रदेशसभाको चालु सातौँ अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णयसमेत गरेको मन्त्री भट्टराईले जानकारी दिए। रासस

## जनकपुरधाममा....

यता, जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले हालसम्म ३० वटा पोखरीको नापी सम्पन्न भइसकेको बताए। बाँकी पोखरीको नापी तथा सीमाना निर्धारणको प्रक्रिया पनि चाँडै पूरा गरिने उनको भनाइ छ। नगरप्रमुख साहका अनुसार पोखरीका डिल अतिक्रमणमुक्त गराएपछि राजगुठीअन्तर्गत अतिक्रमणमा परेका अन्य जग्गा पनि क्रमशः खाली गराउने तयारी गरिएको छ।

जनकपुरधामका ऐतिहासिक तथा धार्मिक महत्व बोकेका पोखरी र गुठीका जग्गा लामो समयदेखि विभिन्न किसिमको अतिक्रमणको चपेटामा पर्दै आएका छन्। कतिपय स्थानमा पोखरीका डिल मिचेर घर, टहरा तथा अन्य संरचना निर्माण गरिएका छन् भने गुठीको स्वामित्वमा रहेका अन्य जग्गासमेत अतिक्रमणमा परेको बताइन्छ।

अतिक्रमित गुठी जग्गाको संरक्षण तथा फिर्ता गराउने उद्देश्यले नेपाल सरकारले केही महिनाअघि कार्यदलसमेत गठन गरेको थियो। सोही कार्यदलले तयार पारेको योजना तथा सिफारिसका आधारमा जनकपुरधाममा अतिक्रमण हटाउने अभियान अघि बढाइएको गुठी संस्थानले जनाएको छ।

पोखरी तथा गुठीका जग्गालाई अतिक्रमणमुक्त बनाउने अभियानलाई निरन्तरता दिँदै आगामी चरणमा अन्य स्थानमा समेत डोजर परिचालन गरिने तयारी गरिएको छ। सरोकारवालाले भने ऐतिहासिक, धार्मिक तथा सार्वजनिक सम्पत्तिको संरक्षणका लागि सुरु गरिएको अभियान निष्पक्ष, व्यवस्थित र निरन्तर हुनुपर्नेमा जोड दिएका छन्।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# गरिमाका लागि न्याय

## बलात्कारपछि हत्या प्रकरणविरुद्ध लालबन्दी, हरिवन र मलङ्गवामा प्रदर्शन तथा श्रद्धाञ्जली

दैनिक समाचारदाता
सर्लाही, ६ भदौ । बाराको सिमरामा तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या गरिएको घटनाको विरोधमा शनिबार बिहान सर्लाहीको लालबन्दीमा प्रदर्शन गरिएको छ।

गरिमालाई न्याय र दोषीमाथि कडा कारबाहीको माग गर्दै महेन्द्र राजमार्गअन्तर्गत लालबन्दी बजारमा प्रदर्शन गरिएको हो। प्रदर्शनकारीहरूले “गरिमालाई न्याय दे”, “हामी न्याय चाहन्छौँ”, “बलात्कार बन्द गर”, “हाम्रो चित्कार सुनिदेऊ”, “छोरीचेलीलाई बाँच्न देऊ”, “अपराधीलाई सजाय देऊ”, “हत्यारालाई कारबाही गर” र “बालिकाको सुरक्षा सुनिश्चित गर” लगायतका नारा लेखिएका प्लेकार्ड बोकेका थिए।




विद्यार्थी, महिला, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, सामाजिक सङ्घसंस्थाका पदाधिकारी, अधिकारकर्मी तथा नागरिक अगुवालगायतको सहभागितामा लालबन्दीस्थित जनवादी चोकदेखि डुमडुमे मन्दिरसम्म दबाबमूलक र्‍याली निकालिएको थियो। त्यसपछि आयोजित कोणसभामा वक्ताहरूले घटनाका दोषीमाथि कडा कारबाही गर्न र बालबालिकाको सुरक्षा सुनिश्चित गर्न माग गरेका थिए।

कोणसभालाई सम्बोधन गर्दै मधेश प्रदेशसभा सदस्य बेची लुङ्गेलीले गरिमा चौधरीको हत्याले देशभरका नागरिकलाई स्तब्ध बनाएको बताउनुभयो। समाजमा मानवता हराउँदै गएको संकेत गर्ने यस्ता घटनाले सबैलाई लज्जित बनाएको उहाँको भनाइ थियो।

यस्ता जघन्य अपराध न्यूनीकरणका लागि घरपरिवार, समाज र विद्यालय तहदेखि नै सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा प्रदेशसभा सदस्य लुङ्गेलीले जोड दिनुभयो।

गरिमा हत्या प्रकरणलाई लिएर शनिबार बिहान महेन्द्र राजमार्गअन्तर्गत हरिवन बजारमा पनि प्रदर्शन गरिएको छ। हरिवनमा शुक्रबार साँझ महिला सञ्जालको अगुवाइमा पूर्व-पश्चिम राजमार्गमा प्रदर्शन गरिएको थियो।

यस्तै, गरिमाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शुक्रबार साँझ सर्लाही सदरमुकाम मलङ्गवामा दीप प्रज्वलन कार्यक्रमसमेत आयोजना गरिएको थियो।

गरिमा हत्या प्रकरणपछि बारासहित पर्सा, रौतहट र सर्लाहीलगायतका जिल्लामा विरोध प्रदर्शन तथा न्यायको माग गर्दै विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन्।

# ८५५ किलो युरिया मल र खैनीसहित दुई नेपाली पक्राउ

दैनिक समाचारदाता
रौतहट, ६ भदौ । भारतबाट नेपालतर्फ अवैध रूपमा युरिया मल र खैनी ल्याउँदै गरेको आरोपमा दुई नेपाली नागरिकलाई भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले पक्राउ गरेको छ ।



भारतको बिहारस्थित पूर्वी चम्पारण जिल्लाको सीमावर्ती क्षेत्रमा एसएसबीको ७१औँ वाहिनीको टोलीले गरेको कारबाहीका क्रममा ८५५ किलो युरिया मल, ५० किलो खैनी र चारवटा साइकलसहित दुई जनालाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा बाराको सिम्रौनगढ नगर क्षेत्रका १८ वर्षीय आदित्य नारायण मुखिया र १९ वर्षीय अमिरखा मुखिया रहेका छन् । उनीहरूलाई सीमा स्तम्भ नम्बर ३६० बाट करिब २०० मिटर भारततर्फ नियन्त्रणमा लिइएको जनाइएको छ ।

यस्तै, सोही सीमाक्षेत्रको बडहरवा बोर्डरमा एसएसबीले गरेको अर्को कारबाहीमा २४ बोरा युरिया मल, एउटा मोटरसाइकल र चारवटा साइकल बरामद गरेको छ । सुरक्षाकर्मीलाई देखेपछि तस्करहरू सामान छाडेर भाग्न खोजेका थिए । उनीहरूको पिछा गर्ने क्रममा भारतीय नागरिक गोपाल राय पक्राउ परेका छन् । पक्राउ परेका व्यक्तिहरू तथा बरामद सामग्रीलाई आवश्यक कानुनी कारबाहीका लागि सीमा शुल्क कार्यालय मोतिहारीमा बुझाइएको एसएसबीले जनाएको छ ।

सीमावर्ती क्षेत्रमा मललगायत विभिन्न सामग्रीको अवैध ओसारपसार बढेपछि भारतीय सुरक्षाकर्मीले निगरानी र चेकजाँचलाई थप कडाइ गरेको जनाइएको छ ।

# उखु किसानको उधारो

## दुई चिनी मिलबाट करिब १८ करोड रुपैयाँ बक्यौता, भुक्तानीका लागि किसानको सडकदेखि सदनसम्म गुहार

दैनिक समाचारदाता
पश्चिम नवलपरासी, ६ भदौ । उखु खेतीका लागि उर्वर मानिने पश्चिम नवलपरासीमा किसानहरू आफ्नो उत्पादनको उचित मूल्य पाउनबाट वञ्चित हुँदै आएका छन्। खेतमा दिनरात मेहनत गरेर उत्पादन गरेको उखु चिनी मिललाई बुझाएको वर्षौं बितिसक्दा पनि भुक्तानी नपाउँदा यहाँका हजारौं किसान आर्थिक सङ्कटमा परेका छन्।

उखु किसानको बक्यौता भुक्तानीको मुद्दा गाउँघरदेखि जिल्ला प्रशासन कार्यालय, काठमाडौँको माइतीघर मण्डल हुँदै प्रतिनिधिसभासम्म पटक-पटक पुग्दै आएको छ। तर, समस्या समाधान हुनुको सट्टा किसानहरू अझै भुक्तानीको प्रतीक्षामै छन्।




पश्चिम नवलपरासीका दुई प्रमुख चिनी उद्योग–प्रतापपुरस्थित इन्दिरा सुगर मिल र सुनवलस्थित लुम्बिनी चिनी उद्योगले किसानको करोडौं रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको बताइएको छ।

प्रतापपुरस्थित इन्दिरा सुगर मिलले किसानको करिब आठ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको छ। मिल विगत दुई वर्षदेखि पूर्ण रूपमा बन्द रहेको र सञ्चालक राकेश अग्रवाल किसानको रकम भुक्तानी नगरी सम्पर्कविहीन रहेको बताइएको छ।

पश्चिम नवलपरासीका प्रहरी उपरीक्षक रामबहादुर केसीका अनुसार मिल सञ्चालक अग्रवालविरुद्ध ठगीसम्बन्धी मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाइएको छ। उनको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ। यता, सुनवलस्थित लुम्बिनी चिनी उद्योगले पनि विभिन्न सिजनको करिब १० करोड रुपैयाँ किसानलाई भुक्तानी गर्न बाँकी रहेको छ। उद्योगले चिनी बिक्री नभएकोलगायतका कारण देखाउँदै लामो समयदेखि किसानको रकम भुक्तानी गर्न ढिलाइ गर्दै आएको गुनासो छ।

उखु किसानको बक्यौता भुक्तानीको विषय प्रतिनिधिसभामा समेत उठेको छ। पश्चिम नवलपरासीका संघीय सांसद विक्रम खनालले उद्योगी तथा चिनी मिल सञ्चालकको गैरजिम्मेवार व्यवहारप्रति कडा आपत्ति जनाउँदै किसानको रकम तत्काल उपलब्ध गराउन माग गरेका छन्।

उनका अनुसार सरकारले उखु किसानलाई प्रतिक्विन्टल ७० रुपैयाँका दरले उपलब्ध गराउने अनुदान रकम समयमै भुक्तानी गरे पनि उद्योगले दिनुपर्ने प्रतिक्विन्टल ६२० रुपैयाँ किसानले अझै पाउन सकेका छैनन्। चाडपर्व नजिकिँदै गर्दा किसान आर्थिक अभावमा परेका बेला उद्योगीले भुक्तानी रोकेर राख्नु गम्भीर विषय भएको उनले बताएका छन्।

बक्यौता रकम असुलीका लागि नवलपरासीका उखु किसानले विभिन्न समयमा आन्दोलनसमेत गर्दै आएका छन्। जिल्ला प्रशासन कार्यालयअगाडि धर्ना दिनेदेखि काठमाडौँको माइतीघर मण्डलमा पुगेर आन्दोलन गर्नेसम्मका प्रयास भए पनि किसानले आफ्नो मेहनतको पूरा मूल्य पाउन सकेका छैनन्।

उखु बिक्रीबाट छोराछोरीको पढाइ, औषधोपचार, घरखर्च तथा बैंकको ऋण तिर्ने अपेक्षा गरेका किसान अहिले उल्टै साहुको ऋण र बैंकको ब्याजको भारमा परेका छन्। नगदे बालीका रूपमा परिचित उखु किसानका लागि अहिले आम्दानीभन्दा पनि बक्यौता र आर्थिक चिन्ताको विषय बनेको छ।

किसानले उत्पादन गरिसकेको वस्तुको रकम वर्षौंसम्म नपाउनु केवल आर्थिक समस्या मात्र होइन, कृषि क्षेत्रप्रतिको गम्भीर अन्याय पनि हो। सम्बन्धित निकायले बक्यौता रकम तत्काल असुल गराई किसानलाई भुक्तानी दिलाउन तथा गैरजिम्मेवार उद्योग सञ्चालकमाथि कानुनी कारबाही गर्नुपर्ने माग किसानहरूको छ।

# गरिमाका अभिभावक काठमाडौंमा

दैनिक समाचारदाता
बारा, ६ भदौ । बाराको सिमरामा हत्या गरिएकी तीन वर्षीया बालिका गरिमा चौधरीका आमा-बुवालाई गृहमन्त्री सुधन गुरुङसँग वार्ता गर्न शनिबार काठमाडौं लगिएको छ।



शनिबार अपराह्न सिमरा विमानस्थलबाट गरिमाका बुवा मनोज चौधरी र आमा मानमती चौधरीलाई स्थानीय अभियन्तासहित काठमाडौं पठाइएको हो।

गरिमाका आमा-बुवालाई आन्दोलनस्थलबाट इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दयाकृष्ण भट्टले प्रहरीको गाडीमा विमानस्थल पुऱ्याएका थिए। त्यसपछि उनीहरूको बोर्डिङ पासको व्यवस्था गरी काठमाडौं पठाइएको जनाइएको छ।


उनीहरूसँगै स्थानीय अभियन्ता कपिल खरेल, सम्राट उपाध्याय, नवराज कार्कीलगायत सात जनाको टोली पनि वार्ताका लागि काठमाडौं गएको छ।

काठमाडौं जानुअघि मृतक बालिकाका बुवा मनोज चौधरीले स्थानीयवासीलाई आफ्नी छोरीका लागि न्यायको माग गर्दै आन्दोलनलाई निरन्तरता दिन आग्रह गरेका थिए।

यता, प्रहरी र केही अभियन्ताले गरिमाका आमा-बुवालाई वार्ताका लागि काठमाडौं लैजाने योजना गोप्य रूपमा बनाएको भन्दै स्थानीयवासीले सिमरा विमानस्थलअगाडि प्रहरीविरुद्ध नाराबाजी गरेका छन्।

गरिमा चौधरीको हत्या प्रकरणलाई लिएर सिमरासहित विभिन्न स्थानमा दोषीमाथि कडा कारबाही र पीडित परिवारलाई न्याय दिनुपर्ने माग गर्दै प्रदर्शन भइरहेका छन्।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४